# प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन-२०७९

## दैनिक अनुगमन प्रतिवेदन

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन नजिकिएसँगै आचारसंहिता उल्लङ्घनका घटनाहरू थप सार्वजनिक भएका छन् । निर्वाचनका गतिविधि बढेसँगै यस्ता घटना सार्वजनिक हुन थालेका हुन् । निर्वाचन आयोगले निर्वाचनका सन्दर्भमा मतदान केन्द्रमा क्यामरा, मोबाइल र अन्य निषेधित वस्तु रोक्ने सम्बन्धमा चार बुँदे निर्देशन जारी गरेको छ ।

आयोगले जारी गरेको निर्देशनमा मतदानका दिन मतदान केन्द्रमा प्रवेश गर्ने मतदाता तथा अन्य व्यक्तिलाई सलाई, लाइटर, फोटो खिच्ने क्यामरा, मोबाइल तथा अन्य निषेधित वस्तु नलिई मतदान केन्द्रमा आउनको निम्ति प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९ को दफा २१ बमोजिम सर्वपक्षीय बैठकमा समेत छलफल गराई सार्वजनिक आह्वान र अनुरोध गर्ने उल्लेख छ ।




त्यस्तै आयोगको निर्देशनमा मतदाता वा अन्य व्यक्तिले मतदान केन्द्रमा आउँदा निषेधित वस्तु लिई आएको पाइएमा प्रचलित कानुन बमोजिम तत्काल कारबाही गर्ने र सलाई, लाइटर, क्यामरा, मोबाइलजस्ता वस्तु लिई आएमा मतदान केन्द्रको प्रवेश विन्दुमा राख्ने व्यवस्था मिलाउने वा मतदान केन्द्र बाहिर निजलाई उपयुक्त लागेको स्थानमा राख्न लगाएर मतदान केन्द्रमा प्रवेश गर्न अनुमति दिने व्यहोरा उल्लेख छ ।

आयोगका अनुसार यदि कसैले फोटो खिच्ने क्यामरा वा मोबाइल आफ्नो साथमा लगेर मतसङ्केत गर्ने स्थान मतदान कक्षमा गएमा तत्काल त्यस्तो क्यामरा वा मोबाइल जफत गर्नसक्ने सूचना जारी गर्न मतदान अधिकृतलाई निर्देशन दिएको छ ।

निर्देशनमा आयोगले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन निर्देशिका, २०७९, निर्वाचन आचारसंहिता, २०७९ विपरित उल्लिखित कार्य गर्ने मतदाता तथा अन्य व्यक्तिलाई कानून बमोजिम कारबाही गर्न मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमार्फत मतदान केन्द्रमा खटिने सबै मतदान अधिकृत, सहायक मतदान अधिकृत तथा सुरक्षाकर्मीलाई जानकारी गराउने समेत उल्लेख गरेको छ ।

गृह मन्त्रालयले कात्तिक २९ गते एक सूचना जारी गर्दै प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ का लागि मतदानस्थल रहेका शिक्षण संस्थाहरू मङ्सिर २ गतेदेखि ५ गतेसम्म बन्द हुने जानकारी गराएको छ । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जारी गरेको सूचनामा सरकारी कार्यालय र सार्वजनिक संस्थानहरू ४ र ५ गते तथा मतदानस्थल रहेका शिक्षण संस्थाहरू २ गतेदेखि ५ गतेसम्म बन्द हुने उल्लेख छ । निर्वाचन आयोगले भारतीय सञ्चारमाध्यमको माध्यमबाट नेपालसँग सीमा जोडिएको तराईका विभिन्न क्षेत्रमा भइरहेको प्रचारप्रसार रोक्न भारत सरकारलाई पत्राचार गरेको छ ।

## प्रदेश १

**सङ्खुवासभा प्रतिनिधि भविन कार्की**का अनुसार मङ्सिर ४ गते हुने निर्वाचनका लागि जिल्लाको दुर्गम उत्तरी क्षेत्र भोटखोला गाउँपालिकाका लागि मतदान सामग्रीसहित कर्मचारीलाई जिल्ला निर्वाचन कार्यालयले पठाएको छ । सदरमुकाम खाँदबारीबाट भोटखोला गाउँपालिका पुग्न चारदेखि पाँच दिनसम्म लाग्ने भएकाले सोही आधारमा भोटखोला गाउँपालिकाको माथिल्लो क्षेत्रमा मतदान सामग्री र मतदान अधिकृतसहितको टोली पठाइएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । पहिलो चरणमा भौगोलिक रूपमा विकट र दुर्गम मानिएको भोटखोला गाउँपालिकाको दुधपोखरी आधारभूत विद्यालय थुदाम, हिमालय आधारभूत विद्यालय किमाथाङ्का र ज्योती आधारभूत विद्यालय रिदाकका लागि मतदान सामग्रीसहित मतदान अधिकृत टोली पठाइएको मुख्य निर्वाचन अधिकृत टेकनाथ गौतमले बताउनु भयो । ि

कमाथाङ्का, रिदाक र थुदामसहित तीन ओटा मतदानकेन्द्रका लागि मतपत्र र मतपेटिकासहित कर्मचारी र सुरक्षाकर्मी पठाइएको छ । गाउँपालिकासम्म पुग्न गाडी र पैदल हिड्नु पर्ने भएकाले आवश्यक कपडासहित औषधि, खानपिनलगायतका सामाग्री बोक्न निर्वाचनमा खटिने कर्मचारीलाई निर्देशन दिइएको छ । जिल्लामा दुई अस्थायीसहित १ सय ६४ ओटा मतदानकेन्द्र छन् । जिल्लामा एक प्रतिनिधिसभा र दुई प्रदेशसभा निर्वाचन क्षेत्र छ । जिल्लामा १ लाख १७ हजार ५ सय ५४ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । खाँदबारी नगरपालिका-९ का वडाध्यक्ष विमल गौतमले कात्तिक २९ गते आफ्नै स्थानीय तहमा प्रतिनिधिसभाका उम्मेदवार राजेन्द्रप्रसाद गौतमको पक्षमा भोट मागेको इन्सेक अनुगमनका क्रममा पाइएको छ ।

**इन्सेक पर्यवक्षक हेमराज निरौला**का अनुसार भोटखोला गाउँपालिका अध्यक्ष वाङछेदर भोटेले कात्तिक २९ गतेभित्र आफ्नै स्थानीय तहमा प्रतिनिधिसभाका उम्मेदवार राजेन्द्रप्रसाद गौतम र प्रदेशसभा सदस्य पदका उम्मेदवार भगिश्वर गुरूङको पक्षमा भोट मागेको इन्सेक अनुगमनका क्रममा पाइएको छ ।

**भोजपुर प्रतिनिधि गणेश विष्ट**का अनुसार निर्वाचन क्षेत्र १, प्रदेशसभा ‘क’ का लागि गठवन्धनका तर्फबाट एकीकृत समाजवादी पार्टीका उम्मेदवार राजेन्द्र राईका स्वकीय सचिव भद्र पराजुलीले प्रतिनिधिसभा पदका स्वतन्त्र उम्मेदवार दिलिपकुमार खतिवडालाई कात्तिक २७ गते दुर्व्यवहार गरेको पीडितको आरोप छ । चुनावी अभियानका क्रममा षडानन्द नगरपालिका-७ दिङ्गला बजारमा आरोपितले दुर्व्यवहार गरेको पीडितले इन्सेक प्रतिनिधिलाई बताउनु भएको छ । निर्वाचन क्षेत्र १, प्रदेशसभा ‘क’ का लागि गठवन्धनका तर्फबाट एकीकृत समाजवादी पार्टीका उम्मेदवार राजेन्द्र राईले कात्तिक २९ गते

षडानन्द नगरपालिका-७ दिङ्गला बजारमा निर्वाचन आचारसंहिता विपरित चुनावी आमसभा गर्नु भएको इन्सेक अनुगमनका क्रममा पाइएको छ ।

पौवादुङ्मा गाउँपालिका-३ च्याङग्रेमा कात्तिक ३० गतेका लागि दुई ओटा राजनीतिक दलले एकै ठाउँमा चुनावी आमसभाको कार्यक्रम राखेपछि स्थानीय प्रशासनले सुरक्षालाई मध्यनजर गरी कात्तिक २९ गते च्याङग्रेमा गठवन्धनले बनाएको स्टेज भत्काएको छ । कात्तिक ३० गते गठवन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार सुदन किराँती र नेकपा एमालेका तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार शेरधन राईले च्याङग्रेमा कात्तिक ३० गतेका लागि कार्यक्रम तय गरेपछि सुरक्षा अवस्थालाई मध्यनजर गरी गठवन्धनले बनाएको स्टेज भत्काउन लगाएर पौवादुङ्मा गाउँपालिका-२ तिवारी भञ्याङमा गठवन्धनलाई कार्यक्रम गर्न स्थानीय प्रशासनले निर्देशन दिएको छ । स्थानीय प्रशासनका अनुसार च्याङग्रेमा कात्तिक ३० गते शेरधन राईले चुनावी आमसभा लागि पहिले स्थानीय प्रशासनको अनुमति लिएको थियो ।

**इन्सेक पर्यवेक्षक**का अनुसार भोजपुर, षडानन्द नगरपालिकाका मेयर सुरेन्द्र उदास र षडानन्द नगरपालिका-१२ का वडाध्यक्ष राजेन्द्र कटुवालले आफ्नै स्थानीय तह र वडाभित्र प्रतिनिधिसभाका उम्मेदवार शेरधन राई र प्रदेशसभाका उम्मेदवार हरि राईको पक्षमा भोट मागेको पाइएको छ । वडाध्यक्ष कटुवालले षडानन्द नगरपालिका-१२ जिमी गाँउमा भोट मागेको इन्सेक अनुगमनका क्रममा पाइएको हो । आफ्नै स्थानीय तहमा भोट मागेको विषयमा इन्सेक प्रदेश कार्यालयले राखेको जिज्ञासामा मेयर सुरेन्द्र उदासले भोट मागेको कुरालाई अस्वीकार गर्नु भएको छ । निर्वाचन आचारसंहिता ०७९ ले आफ्नो क्षेत्रभित्र स्थानीय तहका जनप्रतिनिधिले भोट माग्न वा चुनावी अभियानमा संलग्न हुनुलाई निर्वाचन आचारसंहिता विपरित हुने भनेको छ ।

**झापा प्रतिनिधि नरेश खाती**का अनुसार राष्ट्रिय भूमि आयोगका केन्द्रीय अध्यक्ष केशव निरौला र शिक्षक तेजप्रसाद चौलागाईले निर्वाचन आचारसंहिता उल्लङ्घन गरी मत मागेको आरोप पुष्टि भए कारवाही हुने  मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । सरकारको तलव भत्ता खाइरहेका व्यक्तिले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइए कारवाही हुने मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीले बताउनु भयो । राष्ट्रिय भूमि आयोगका अध्यक्ष निरौलाले मेचीनगर नगरपालिकामा सुकुम्बासी र कांग्रेस कार्यकर्ताको भेला बोलाएर झापा-१ को प्रतिनिधिसभा सदस्यका लागि नेपाली कांग्रेसबाट उम्मेदवार विश्वप्रकाश शर्माको पक्षमा भोट मागेको भन्दै कात्तिक २८ गते एमाले झापा क्षेत्र न.१ पार्टीले पत्रकार सम्मेलन गरेर त्यसको विरोध गरेपछि आयोगले छानविन अघि बढाउने भएको छ । अध्यक्ष निरौलाले मेचीनगर नगरपालिका-१० र १५ का साथै बुद्धशान्तिमा सुकुम्बासीको भेला आयोजना गरेर सत्ता गठबन्धन र उम्मेदवार शर्माको पक्षमा भोट मागेको आरोप छ । सरकारको सार्वजनिक पद धारण गरेको व्यक्तिबाट त्यस्तो भेटिए उम्मेदवार समेतलाई कारवाही हुने मुख्य निर्वाचन अधिकृत ज्ञवालीको भनाइ छ । एमाले झापा क्षेत्र नम्बर १ ले आयोगका केन्द्रीय अध्यक्ष निरौला, उम्मेदवार शर्मा, शिक्षक तेजप्रसाद चौलागाई लगायतलाई कारवाही गर्न माग गरेको छ ।

**सुनसरी प्रतिनिधि जयकृष्ण यादव**का अनुसार निर्वाचन लक्षित जिल्ला सुरक्षा समिति तथा प्रदेश निर्वाचन कमाण्ड पोष्टबिच निर्वाचन सुरक्षा समन्वय बैठक कात्तिक २९ गते सम्पन्न भएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सरकारका प्रवक्ता एवम् कानुन, सञ्चार तथा सूचना प्रविधि मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीविरूद्ध निर्वाचन आचारसंहिता उल्लङ्घनको उजुरी परेको छ । गठबन्धनको तर्फबाट सुनसरी क्षेत्र नं. ४ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार रहनु भएका नेपाली काग्रेंसका नेता सञ्चारमन्त्री कार्कीविरूद्ध मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी परेको हो । नेकपा एमाले निर्वाचन परिचालन कमिटी सुनसरी निर्वाचन क्षेत्र न. ४ ले कात्तिक २७ गते मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दिएको संयोजक सरोज पोखरेलले बताउनु भयो । मन्त्री कार्कीले चुनावी अभियानमा सरकारी

सवारीसाधनको दुरूपयोग गरी आचारसंहिता उल्लङ्घन गरेको आरोप छ। मुख्य निर्वाचन अधिकृत अर्जुन अधिकारीले उजुरी उपर छानविन गरी कारबाही अघि बढाउने बताउनु भयो ।

## मधेस प्रदेश

**सप्तरी प्रतिनिधि मनोहर पोखरेल**का अनुसार आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनमा मुख्य दलहरूले निर्वाचन आचारसंहिता विपरित पार्टीको चिन्ह अङ्कित गम्छा, टि-सर्ट, सारी र टोपी प्रयोग गरेर निर्वाचन प्रचार-प्रसार गरिरहेका छन् । दलहरूका अधिकांश कार्यकर्ता पार्टीको चिह्न अङ्कित गम्छा, टिसर्ट, लोगो, व्याच लगाएर आमसभा, जुलुस, घरदैलो, भेटघाटमा सहभागी बनेको देखिन्छ। सार्वजनिक सवारी साधनहरूमा स्टिकर र पोस्टर टाँसिएको गाडीहरू कुदिरहेका छन् भने अनुमति नलिइएका गाडीहरू प्रशस्त मात्रामा प्रचार कार्यमा गुडिरहेका छन्। भारतीय नम्बर प्लेटका गाडीहरूलाई चुनाव प्रचारमा बन्देज लागेपछि त्यस्ता गाडीहरूमा झण्डा नराखेर चुनाव प्रचारमा प्रयोग हुन थालेको छ।

राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित गरी ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टिकर, लोगो, झोला, ब्याच, ट्याटु जस्ता साङ्केतिक सामग्री उत्पादन, बिक्री वितरण र प्रयोग गर्न प्रतिबन्ध गरिएको छ । आचार संहिता अनुगमनकर्ताको जिम्मेवारी सम्हाली रहेका कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख शरणहरी लुइटेलले निर्वाचन आचार संहितालाई पालना गर्न सबै दलका नेताले लिखित प्रतिबद्धता जनाइसके पनि पालनामा कमजोरी देखिएको बताउनु भयो। आचारसंहिता उल्लङ्घन रोक्न र टाँगिएका व्यानर दलहरूले आफै हटाउलान भनेर बजार क्षेत्रको व्यानरहरू प्रहरीले निकाले पनि दलहरूले अन्यत्रको प्रचार सामाग्री नहटाएको लुईटेलले बताउनु भयो ।

**महोत्तरी प्रतिनिधि अजयकुमार साह**का अनुसार प्रहरीले निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको आरोपमा मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीका सात जना नेता कार्यकर्तालाई गिरफ्तार गरेको छ। पार्टीका केन्द्रीय सदस्य वीरेन्द्र यादव, राजेश्वर यादव र ज १ च ११७१ नम्बरको टाटा सुमोका चालकसहित सातजनालाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी कृष्ण पङ्गेनीले जानकारी दिनु भयो। गिरफ्तार गरिएका सो पार्टीका नेता कार्यकर्ताको साथबाट चुनाव विरोधी पर्चा तथा माइकिङ सामग्री बरामद गरिएको एसपी पङ्गेनीले बताउनु भयो ।

## बागमती प्रदेश

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को बागमती प्रदेशका १३ ओटै जिल्लामा शान्तिपूर्ण रूपमा भइरहेको छ । इन्सेक जिल्ला प्रतिनिधिका अनुसार यस प्रदेशमा आचार संहिताका केही घटना सार्वजनिक हुनका साथै निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्य बाहेक अन्य गतिविधि भएका छैनन् ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबाबु धिताल**का अनुसार प्रतिनिधि तथा प्रदेशसभा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गर्नका लागी जिल्लामा आवश्यक सुरक्षा व्यवस्थाको तयारी पूरा भएको प्रमुख जिल्ला अधिकारी बेदनीधि खनालले बताउनु भयो ।

प्रतिनिधि सभाको लागि दुई र प्रदेशसभाका लीग चार निर्वाचन क्षेत्र रहेको यस जिल्लामा २ लाख ६० हजार २ सय ७३ जना मतदाता रहेका छन् । जिल्लाभरी ३ सय २० ओटा स्थायी र एउटा अस्थायी गरी ३ सय २१ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख बिकाश रिजालले बताउनु भयो। सबै मतदान केन्द्रहरूमा पुग्ने गरी जिल्लाभर १ हजार ५ सय ७ जना म्यादी, ७ सय ५१

जना जनपथ प्रहरी र ३ सय ३८ जना सशस्त्र प्रहरी गरी जम्मा २ हजार ५ सय ९६ जना सुरक्षाकर्मी परिचालन गरिने जिल्ला प्रहरी कार्यालयका एसपी रामेश्वरप्रसाद यादवले बताउनु भयो ।

**इन्सेक धादिङ प्रतिनिधि सीताराम अधिकारी**का अनुसार गजुरी गाउँपालिकामा प्रदेश सभा उम्मेदवार शालिकराम जम्कट्टेलले चुनाव चिह्न अंकित टिसर्ट वितरण गरेका छन् । गोलाकार भित्र हसिया हथौडा लोगो भएको टिसर्ट बाँडिएपछि यसको फोटो समेत सामाजिक सञ्जालमा प्रयोग भएको छ । गल्छी गाउँ पालिका -४, ५ र ७ मा नेकपा समाजवादी उम्मेदवार एवम् मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले चुनावी प्रचारको क्रममा २० भन्दा बढी सवारी साधनको प्रयोग र कार्कीडाँडा क्षेत्रमा पुगेपछि स्थानीयलाई बोलाएर भोज समेत गरिएको स्थानीय दीलबहादुर रम्तेलले आरोप लगाउनु भयो । गाडीको लस्कर लगाएर चुनावी प्रचारमा सहभागी भएको गाउँबाट इन्सेक प्रतिनिधिलाई टेलिफोन गरी रम्तेलले सो आरोप लगाउनु भएको हो ।

**इन्सेक नुवाकोट प्रनिनिधि नवदीप श्रेष्ठ**का अनुसार जिल्ला कारागारमा रहेका कैदीबन्दी मध्ये २४ जनाले प्रतिनिधि सभाको समानुपातिकतर्फ मत हाल्न पाउने भएका छन् । कैदी र बन्दीको सङ्ख्या धेरै भए पनि मतदाता नामावलीमा नाम नभएको कारण सबैले मत हाल्नबाट बञ्चित हुनु परेको कारागार प्रमुख गंगालाल योगीले जानकारी दिनुभयो । जिल्ला कारागारमा कैदी बन्दीमा १६ जना महिलासहित एक सय ६८ जना रहेका छन् । मत हाल्न पाउने सबै पुरुष हुन् ।

मतदाता नामावलीमा नाम भएकाहरूको मात्र अस्थायी मतदाताको सूचीमा समावेश भएको र उनीहरूले मात्र समानुपातिका मत दिन पाउने जिल्ला निर्वाचन कार्यालयका प्रमुख जयप्रसाद गौतमले बताउनुभयो । ‘मतदाता नामावलीमा नाम नभएकोहरूको नाम दर्ता गर्ने व्यवस्था छैन । पहिले पनि कारागारमा नामावली सकंलन गरिएन । जसको कारण जेलमा रहेका धेरै मतदानबाट बञ्चित हुनुपर्‍यो’ जिल्ला निर्वाचन अधिकारी गौतमले भन्नुभयो ।

जिल्लामा समानुपातिकतर्फ मत दिनको लागि १ हजार ८ सय जना अस्थायी मतदाता नामावलीमा समावेश भएका छन् । अस्थायी मतदाताको लागि दुई स्थानमा अस्थायी मतदान स्थल राखिने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । कैदीबन्दीको लागि कारागार र जिल्लामा रहेका कर्मचारी र सुरक्षाकर्मीको लागि जिल्ला प्रहरी कार्यालयमा अस्थायी मतदानस्थल राखिने जिल्ला निर्वाचन अधिकारी गौतमले बताउनु भयो ।

क्षेत्र नं. १ का अस्थायी मतदाताले खरानीटारको अमरज्योती मावि मतदान केन्द्र र ककनीको सशस्त्र प्रहरी तालिम केन्द्रका मतदाताले ककनी-२ को मतदान केन्द्रबाट मत दिने व्यवस्था मिलाइएको कार्यालयले जनाएको छ । निर्वाचनमा खटिएका कर्मचारी, सुरक्षाकर्मीहरूले भने खटिएकै मतदानस्थलबाट मत दिन पाउने छन् ।

**इन्सेक काठमाडौं प्रतिनिधि विमल पौडेल**का अनुसार अनुगमनका क्रममममा उम्मेदवारहरूले प्रचारप्रसार गर्दा ठुलो ध्वनीमा माइकिङ गर्ने, तथा सर्वसाधारणहरूलाई रङ्गिन कार्डहरू वितरण गर्ने गरेको पाइएको छ ।

**इन्सेक ललितपुर प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट ललितपुर क्षेत्र १ का उम्मेदवार डा. सचिन घिमिरे सात बुँदे माग सहित अनसन बस्नु भएको छ । सङ्घ तथा प्रदेस सभा सदस्य निर्वाचन आउन केही दिन मात्र बाँकी रहँदा घिमिरे ललितपुर १ का निवर्तमान सांसद नवराज सिलवाल र स्थानीय सरकारसँग सात बुँदे माग राख्दै कात्तिक २९ गतेदेखि चापागाउँमा अनसन बस्नु भएको हो ।

ललितपुर क्षेत्र नं. १ का निवर्तमान सांसदले कति बजेट ल्याएका हुन कति खर्च गरेका छन् ? आय व्यय सार्वजनिक गर्नुपर्ने, गोदावरी नगरपालिकाले तत्काल बाँदर व्यवस्थापन गर्नुपर्ने, टाहाखेल

चौतारा नजिक विद्युतको ट्रान्सफर्मर रुखमा छोएकोले तत्काल रुख काट्नु पर्नेलगायत माग छन् । त्यस्तै चौघरेको गोमा थिङ र चन्द्रबहादुर तामाङको आर्थिक अवस्था कमजोर भएकोले स्थानीय सरकारले प्राविधिक शिक्षा निःशुल्क गरिदिनु पर्ने, आश्राङ लुकुनी बेँसीमा स्थायी बासिन्दा भएका भोज कुमारी सञ्जेलका दुई नाति नातिनीहरूको स्थानीय सरकारले लालनपालन र आवश्यक शैक्षिक खर्च व्यवस्थापन गरिदिनु पर्ने माग छ ।

त्यसैगरी कोन्ज्योसोम गाउँपालिकाका दल बहादुर बिश्वकर्मा घुँडा रोगी, सुमन घेवा तथा बागमती गाउँपालिका-२ माल्टाका स्मारिका मिश्र मृगौला पीडित सहितको उपचार स्थानीय सरकारले तत्काल गर्नु पर्ने र गोदावरी नगरले किशोरीलाई खुवाएको आइरन चक्किको जनस्वास्थ्य औचित्य प्रमाणित गर्नुपर्ने समेत सात बुँदे माग रहेका छन् । स्थानीय सरकारले जनताको साना साना मागहरूलाइ सम्बोधन नगरी निर्वाचनमा भोट मागेर हिँड्नु त्यति उचित नभएको बताउदै माग सम्बोधन नभएसम्म अनसन बसिरहने डा. घिमिरेले बताउनु भयो । गोदावरी नगरपालिका १३ झरुवारासीका घिमिरे मानवशास्त्री हुन् । ललितपुर स्थिति टाहाखेलमा घिमिरे अनशन बसिरहनु भएको छ । प्रमुख जिल्ला अधिकारी जयराज आचार्यका अनुसार डा. घिमिरे अनसन बसेको जानकारी भएको तर उहाँको अनसन निर्वाचन आचार संहिता विपरीत नभएको र राज्य र जनतालाई असर नपर्ने गरी अनसन बस्नु नागरिक स्वतन्त्रा भएकाले सम्बन्धित पक्षले ध्यान दिनु पर्दछ ।

**इन्सेक रामेछाप प्रतिनिधि नवराज घिमिरे**का अनुसार मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा रामेछाप कारागारका ५७ जना थुनुवा/बन्दीले मतदान गर्न पाउने भएका छन् । रामेछाप कारागारमा ३ सय २८ जना थुनुवा/बन्दी रहेका भए पनि मतदाता नामावलीमा जम्मा ५७ जनाको मात्र नाम रहेको छ । उहाँहरूले प्रतिनिधि सभाको समानुपातिक तर्फ मतदान गर्न पाउने जिल्ला विर्नाचन कार्यालय रामेछापका प्रमुख मधुकर शाहले जानकारी दिनु भयो । उहाँहरूको लागि कारागार परिसरभित्रै अस्थायी मतदान केन्द्र स्थापना गरिएको छ । थुनुवा/बन्दीले कारागर भित्रै मतदान गर्ने उहाँले बताउनु भयो । रामेछाप कारागारमा हाल ३ सय ११ जना पुरुष र १७ जना महिला थुनुवाबन्दी रहेका छन् ।

**इन्सेक चितवन प्रतिनिधि दिपेन्द्र अधिकारी**का अनुसार आगामी प्रदेश सभा तथा प्रतिनिधिसभाको निर्वाचनमा जिल्लाका तीन ओटा क्षेत्रमा कूल ४ सय ६० ओटा मतदान केन्द्र तोकिएका छन् । मतदान स्थल भने १ सय ६० रहेका छन् । ४ सय ६० मतदान केन्द्रमध्ये ६३ ओटा केन्द्रको जिम्मा महिला मतदान अधिकृत रहेका छन् । निर्वाचन क्षेत्र १ मा ३२ जना, २ मा १० जना र ३ मा २१ जना महिला मतदान अधिकृत रहेका छन् । त्यस्तै चितवनमा दुई ओटा अस्थायी मतदान केन्द्र तोकिएका छन् । भरतपुर स्थित मालपोत कार्यालय परिसर र भरतपुर कारागारमा अस्थायी मतदान केन्द्र तोकिएको प्रमुख थापाले जानकारी दिनुभयो । जिल्ला निर्वाचन कार्यालय प्रमुख भीमसेन कार्कीले केन्द्र वा स्थल जे भने पनि एकएक ओटा मात्र सङ्ख्यामा रहने बताउनु भयो ।

मालपोत कार्यालय परिसरमा रहने केन्द्रमा जिल्लामा रहेका सरकारी कर्मचारीले मत हाल्नेछन् । चुनावमा नखटिएकाहरूलाई उक्त स्थान दिइने भएको छ । जसको सङख्या १ हजार ५ सय ४४ रहेको छ । त्यस्तै भरतपुर कारागारमा रहेका कैदीवन्दी मध्ये १ सय १ जनाले मतदान गर्ने भएका छन् । जेलर कमल आचार्यका अनुसार ९७ पुरुष र ४ महिलाले मतदान गर्नेछन् । अस्थायी केन्द्रका मतदाताले प्रतिनिधिसभा समानुपातिकतर्फको मतपत्रमा मात्र मत दिन पाउने व्यवस्था छ ।

## लुम्बिनी प्रदेश

**रोल्पा प्रतिनिधि तिलक घर्ती मगर**का अनुसार आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा कैदी बन्दीहरूले पनि मतदान गर्न पाउने भएका छन् । कारागर कार्यालय रोल्पाका जेलर विशाल खनालका अनुसार रोल्पा कारागरबाट ६१ जना कैदी बन्दीहरूले मतदान गर्दै छन् । जसमध्ये ५५ जना पुरुष र ६ जना महिलाले समानुपातिकतर्फ मतदान गर्न पाउने भएका हुन् । हाल रोल्पा कारागारमा १ सय १५ जना कैदी बन्दीहरू रहेका कारागारका जेलर विशाल खनालले बताउनु भयो । उनीहरूका लागि कारागार परिसर भित्रै अस्थायी मतदान स्थल निर्माण गरेर मतदानको व्यवस्था गरिएको छ । मतदाता नामावली नै नभएका तथा कसैले नागरिकता नलिएका कैदी बन्दीहरू मताधिकारबाट वञ्चित भएको कारागार कार्यालय रोल्पाका सुब्बा यामलाल वलीले बताउनु भयो । जिल्ला समन्वय समितिको प्रङगण र कारागार कार्यालयको परिसर गरि जिल्लामा दुई ठाउँमा अस्थायी मतदान स्थल कायम गरिएको छ । 'अस्थायी मतदान स्थलमा कारागारका कैदीबन्दी, सेना, प्रहरीलगायतका व्यक्तिहरूले समानुपातिक पद्दतीमा मतदान गर्ने जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकृत पदमबहादुर डाँगीले बताउनु भयो ।

**यसैगरी,** जिल्लामा प्रायः राजनीतिक दलले निर्वाचन आचारसंहिता पालना नगरेको पाइएको छ । राजनीतिक दलहरूले आचार संहिता विपरीत साउण्ड सिस्टम प्रयोग गरेका छन् । कात्तिक २८ गते चुनावी घरदैलोको क्रममा सत्ता गठबन्धनबाट प्रदेश निर्वाचन क्षेत्र नं १ का उम्मेदवार जोखबहादुर महराले जिल्ला सदरमुकाम लिवाङमा ठुलो आवाजमा साउण्ड सिस्टम बजाएर चुनावी घरदैलो गरेका छन् । यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीको प्रनिनिधि सभाका उम्मेदवार पदम थापाले पनि साउण्ड सिस्टमबाट माइकिङ गरेर घरदैलो गरेका छन् । उनीहरूले निर्वाचन आचार संहिता परिच्छेद ४ को १३ (ढ) मा उम्मेदवार सहभागी दलका भेला कार्यक्रम बाहेक अरू बेला कुनै पनि श्रव्य, दृष्य सामाग्री प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ । यस्तै सत्ता गठबन्धनले कात्तिक २५ गते निर्वाचन क्षेत्र नं १ को सुलिचौरमा आमसभा गरेको थियो ।

आमसभाको र्‍यालीमा बाजा-गाजा तथा आचार संहिता विपरीत झण्डा प्रयोग गरिएको थियो । उक्त आमसभामा नेकपा माओवादी केन्द्रका नेता कृष्णबहादुर महरा, सत्ता गठबन्धनको तर्फबाट प्रतिनिधि सभा सदस्य उम्मेदवार वर्षमान पुन, सत्ता गठबन्धनकै प्रदेश निर्वाचन क्षेत्र नं. १ का उम्मेदवार जोखबहादुर महरा र सत्ता गठबन्धनकै तर्फबाट निर्वाचन क्षेत्र नं २ का उम्मेदवार नेपाली कांग्रेसका अम्मरसिंह पुनले सम्बोधन गरेका थिए । नेकपा एमालेले निर्वाचन प्रचारको क्रममा आचार संहिता विपरित विद्यालयमा चुनावी कार्यक्रम गरेको छ ।

**पाल्पा प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिना**का अनुसार जिल्लामा प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको तयारी कार्य तीब्ररुपमा चलिरहेको छ । प्रतिनिधि सभा र प्रदेशसभा सदस्य निर्वाचनमा खटाइएका मतदान अधिकृत र सहायक मतदान अधिकृतको तालिम सम्पन्न भएको छ ।प्रतिनिधि सभामा दुई र प्रदेशसभा चार निर्वाचन क्षेत्र रहेको पाल्पामा १ सय १८ मतदान केन्द्रका २ सय ४६ मतदान स्थलमा खटिने अधिकृतलाई तालिम दिइएको जिल्ला निर्वाचन अधिकारी रुकमाङ्गत अर्यालले बताउनु भयो । तालिममा प्रत्यक्ष तर्फका र समानुपातिक उम्मेदवारका लागि मतदान गर्ने तरिका, मतपत्र लिने, स्वस्तिक छाप लगाउन्, पट्याउने, मसी लगाउने, नाम रुजु गर्ने, दोहोर्‍याएर मत हाल्न आएमा अपनाउनुपर्ने तरिका लगायतका विषयमा सिकाइएको उहाँले बताउनुभयो । सोही अवसरमा नमुना मतदान गरेर बुथ निर्माणका विषयमा जानकारी गराइएको अर्यालले जानकारी दिनुभयो । निर्वाचनमा २ हजार ९ सय ५५ बढी कर्मचारी खटिने मुख्य निर्वाचन अधिकृत कमलराज विष्टले जानकारी दिनुभयो ।

पाल्पामा १ लाख ३ हजार १ सय १८ महिला र ९८ हजार २ सय ८ पुरुष गरी २ लाख १ हजार ३ सय २६ मतदाता रहेका छन् । तालिममका अवसरमा मुख्य निर्वाचन अधिकृत विष्ट, प्रमुख जिल्ला

अधिकारी जगन्नाथ पन्त, निर्वाचन अधिकृतको कार्यालय क्षेत्र १ का निर्वाचन अधिकृत गोपालप्रसाद ढकाल, जिल्ला समन्वय प्रमुख जनार्दन अधिकारी, जिल्ला निर्वाचन अधिकारी अर्यालगायतले सहजीकरण गर्नुभएको थियो । यसैगरी, निर्वाचनलाई लक्षित गरि जिल्लाभर मदिरा विक्रीमा रोक लगाइएको छ ।

कात्तिक २९ गते देखि मतगणना कार्य नसकिदासम्म जिल्ला भर लागू हुनेगरी भई मदिरा विक्री वितरणमा रोक लगाइएको प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तले बताउनु भयो । निर्वाचनका लागि मतदान केन्द्र रहेका विद्यालय पाँच दिन बन्द हुने भएका छन् । शिक्षा विकास तथा समन्वय इकाई पाल्पाका प्रमुख महेन्द्र सुवेदीले मङ्सिर ४ गते हुने प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनको लागि विद्यालयमा मतदान केन्द्र रहेको र १ गते नै कर्मचारी र सुरक्षाकर्मीहरू विद्यालयमा पुगेर आवश्यक तयारी गर्ने भएकाले विद्यालय बन्द गर्ने निर्णय भएको बताउनु भयो ।

**बाँके प्रतिनिधि लक्ष्मी थारू**का अनुसार प्रतिनिधि सभा तथा प्रदेश सदस्य सभा निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना शहरभन्दा गाउँमा बढी भएको पाइएको छ। इन्सेक बाँकेको अनुगमनका क्रममा क्षेत्र नं. १ मा पर्ने फत्तेपुर र नरैनापुर क्षेत्रमा नीजिघर विद्युतका पोलहरूमा झण्डा तथा पम्पलेट राखिएको र सम्पर्क कार्यालयमा झण्डाको तोरन राखिएको पाइएको छ । राप्ती सोनारी गाउँपालिका-६ को शिद्देश्वर मावि विद्यालयको अगाडी नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र गठबन्धनको सम्पर्क कार्यालय रहेको छ । लोकतान्त्रिक समाजवादी पार्टी, नेपालले अटो रिक्सा, गाडीको प्रयोग गरेर बजार परिक्रमा गरेको छ ।

## कर्णाली प्रदेश

**सल्यान प्रतिनिधि मिना बुढाथोकी**का अनुसार प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन नजिकिदै जाँदा सल्यान जिल्लाको शारदा नपा-८ सिमखर्क गाउँमा निर्वाचन प्रचार प्रसारका क्रममा नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (एस) ले निर्वाचन आचारसंहिता विपरित टाँगेका निर्वाचन चिन्ह सहितका तुलहरू भेटिएका छन ।

**सुर्खेत प्रतिनिधि प्रभाकुमारी रावत**का अनुसार निर्वाचन हुने दिन नजिकिएसँगै निर्वाचनमा आवश्यक पर्ने सामग्री प्याकिङ्गको काम भइरहेको प्रदेश निर्वाचन अधिकारी दुर्गाप्रसाद चालिसेले बताउनु भयो । मतपत्र, स्वास्तिक छाप लगायतका आवश्यक सामग्री कात्तिक २९ गते प्याकिङ्ग गरिएको उहाँले बताउनु भयो । साथै निर्वाचन आयोगले बदर मत रोक्नका लागि वीरेन्द्रनगर नगरपालिका र चिङगाड गाउँपालिकामा कात्तिक २९ गते नमुना मतदान सम्पन्न भएको छ। सुर्खेत जिल्लामा ५ सय ९० अधिकृत र सहायक निर्वाचन अधिकृत निर्वाचनमा खटिने प्रदेश निर्वाचन अधिकारी चालिसेले जानकारी दिनु भएको छ ।

**जुम्ला प्रतिनिधि मानदत्त रावल**का अनुसार निर्वाचनका लागि जिल्लाबाट विभिन्न राजनीतिक दल र स्वतन्त्र गरी १३ जना प्रतिस्पर्धामा छन् । एक निर्वाचन क्षेत्र रहेको जुम्लामा प्रतिनिधि सभामा चार जना र दुई निर्वाचन क्षेत्र रहेको प्रदेश सभामा नौ जना चुनावी प्रतिस्पर्धामा छन् । जिल्लामा नेपाल मजदुर किसान पार्टी नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपाले प्रतिनिधि सभामा उम्मेदवारी दर्ता गराएका छन् । राजनीतिक दलका उम्मेदवारले बाटो, पुल, सडक, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी जस्ता विषयलाई चुनावी एजेण्डा बनाएका छन् ।

निर्वाचनका लागि जुम्लामा ८३ ओटा मतदानस्थल र १ सय ६ ओटा मतदान केन्द्र र दुई ओटा अस्थायी मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय, जुम्लाले जनाएको छ । जिल्लामा कुल ६८ हजार ६ सय ३८ मतदाता छन् । प्रदेश सभा निर्वाचन (क) मा ३६ हजार ७ सय ८३ र प्रदेश सभा (ख) मा ३१ हजार ८ सय ५५ मतदाता रहेको कार्यालयले जनाएको छ ।

जिल्लामा निर्वाचन आचारसंहिताका विषयमा आफूहरूले सुक्ष्म रुपले अनुगमन गरिरहेको मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले बताउनु भयो । 'अहिलेसम्म आचारसंहिता उल्लङ्घनका घटना खासै जिल्लामा भएका छैनन् ।'-निर्वाचन अधिकृत गौतमले भन्नु भयो । मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई दुई दिने निर्वाचनसम्बन्धी तालिम सम्पन्न भएको छ । तालिम सकिएपछि सबै मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई कार्य क्षेत्रमा नियुक्ति दिएर खटाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ। जिल्लामा ८ सय ४८ कर्मचारी र १ हजार ८ सय सुरक्षाकर्मीसहित म्यादी प्रहरी निर्वाचनमा परिचालन हुने जिल्ला निर्वाचन परिचालन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी मुकेशकुमार केशरीले बताउनु भयो ।

**रुकुम (पश्चिम) प्रतिनिधि मनिषा केसी**का अनुसार जिल्ला निर्वाचन कार्यालय, रुकुम पश्चिमले निर्वाचन सामग्री वितरणको कार्य सुरु गरेको छ । निर्वाचनका लागि मतदान केन्द्रमा आवश्यक पर्ने सामाग्री कात्तिक २८ गतेदेखि वितरण सुरु गरिएको निर्वाचन कार्यालयका प्रमुख कुमारी रिमा मल्लले जानकारी दिनु भयो । उहाँका अनुसार कात्तिक २९ गते चौरजहारी नगरपालिका, सानीभरी गाउँपालिका र बाँफीकोट गाउँपालिकामा रहेका मतदान केन्द्रका लागि मतदान सामग्री वितरण गरिएको छ। रुकुम पश्चिममा राजनीतिक दलका चुनावी कार्यक्रम शान्तिपूर्ण रहेका छन् ।

**कालिकोट प्रतिनिधि कालीबहादुर मल्ल**का अनुसार कालिकोट जिल्लाका नौ ओटा स्थानीय तहका ८२ वडामा महिला स्वस्थ्य स्वयमसेविका र वडाका कर्मचारीहरूले मतदाता शिक्षा दिइरहेका छन् । साथै जिल्ला निर्वाचन कार्यालयले जिल्लाका विभिन्न ठाउँमा नमुना मतदान गरिरहेको जिल्ला निर्वाचन कार्यालय, कालिकोटका सूचना अधिकारी धनबहादुर मल्लले जानकारी गराउनु भएको छ। उहाँका अनुसार नरहरिनाथ, पचालझरना, पलाता, सान्नित्रिवेणी गाउँपालिका र रास्कोट नगरपालिकाका मतदान अधिकृतलाई सामग्री वितरण भइरहेको छ ।

**डोल्पा प्रतिनिधि विष्णुप्रसाद देवकोटा**का अनुसार निर्वाचन आचारसंहिता विपरित सत्तागठबन्धन दलहरूले विद्यालयहरूमा चुनावी सभा गरेको पाइएको छ । नेपाली कांग्रेस, नेकपा माओवादी र नेकपा एकीकृत समाजवादीले सार्वजनिक विद्यालयहरूमा चुनावी सभा गरेका हुन । सत्तागठबन्धन दलका उम्मेदवारको पक्षमा मत माग्न विभिन्न गाउँमा जाने क्रममा त्रिपुरासुन्दरी नपा-१० दापुस्थित कान्जिरोवा आधारभूत विद्यालय, ठूलीभेरी नपा-५ माझफालस्थित विद्यामन्दिर माध्यमिक विद्यालय र मुड्केचुला गाउँपालिका-६ स्थित मालिका माध्यमिक विद्यालय नर्कुमा निर्वाचन आचारसंहिता विपरित राजनीतिक दलको विभिन्न समयमा चुनावी सभा गरिएको हो ।

सत्तागठबन्धन दलको तर्फबाट प्रतिनिधि सभा सदय पदमा उम्मेदवार रहेका नेकपा (एस) का धनबहादुर बुढा, कर्णाली प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर (क) तर्फका उम्म्मेदवार नेकपा माओवादीका वीरबहादुर शाही, निर्वाचन क्षेत्र प्रदेश सभा (क) नेपाली कांग्रेसका उम्मेदवार दिपेन्द्रबहादुर शाहीले विद्यालयमा चुनावी सभा गर्नु भएको हो । विद्यामन्दिर माध्यमिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष तथा नेकपा समाजवादीका स्थानीय नेता कर्ण बुढाले ठूलो नभई स्वागतको रुपमा गाउँमा आउनु भएका नेतालाई सम्मान गरिएको बताउनु भयो । गाउँघरमा धेरै मानिसको एकै ठाउँमा जमघट हुने स्थान नहुने भएकाले अहिले मात्र नभएर विगतदेखि नै विद्यालयमा कार्यक्रम गर्ने गरिएको छ । सामाजिक सञ्जालमा विद्यालयमा चुनावी सभा गरेको फोटो पोष्ट भइरहँदा भने सम्बन्धित निकाय बेखवर बनेको सर्वसाधारणको भनाई छ ।

**मुगु प्रतिनिधि जीवन सेजुवाल**का अनुसार जिल्लामा निर्वाचनमा भाग लिएका नेकपा एमाले र सत्तागठबन्धन दलले निर्वाचन आचारसंहिता विपरित रङ्गीन पोष्टर, पम्प्लेट र फ्लास बोर्डहरू टांस गरिएका छन । आचारसहिंता विपरित भएको भन्दै मुख्य निर्वाचन अधिकृतको कार्यालयले आचारसंहिता

विपरित टाँस गरिएका सामग्रीहरू हटाउन सम्बन्धित दलहरूलाई मौखिक रुपमा सचेत गराइएको र अन्य आचारसंहिता विपरित कार्यहरू नगर्न अनुरोध गरिएको मुख्य निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकृत गोविन्द आचार्यले बताउनु भयो ।

**जाजरकोट प्रतिनिधि दिनेश श्रेष्ठ**का अनुसार जाजरकोटमा मतदान सामग्री र मतदान अधिकृतसहित कर्मचारी सुरक्षाकर्मी सदरमुकामबाट मतदान केन्द्रतर्फ प्रस्थान गरेका छन् । जाजरकोटका बारेकोट गाउँपालिका, कुशे गाउँपालिका, जुनिचाँदे गाउँपालिकाका ३५ मतदान केन्द्रका लागि मतदान सामग्री मतदान अधिकृत सहितका कर्मचारी र सुरक्षाकर्मी जिल्ला निर्वाचन कार्यालय बाट मतदानका लागी आवश्यक सम्पुर्ण सामग्री बुझेर मतदान केन्द्रतर्फ हिँडिसकेको निमित्त जिल्ला निर्वाचन अधिकारी नविन कठायतले बताउनु भयो ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक कैलाली प्रतिनिधि मैनामोती चौधरी**का अनुसार मुख्य निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा कात्तिक २९ गतेसम्म तीन ओटा लिखित उजुरी परेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन ०७९ का लागि जारी गरिएको निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको आरोपमा सार्वजनिक यातायात अटोरिक्सा र सार्वजनिस्थलमा चुनावी प्रचारप्रसारको सामाग्री टाँगिएको, मतदाता रिझाउन नगद वितरण गरेको र चुनावको मुखमा कार्याकर्ता भर्टी गरेको लिखित उजुरी परेको मध्ये दुई जनाले तुरुन्त पर्चा पम्पलेट हटाइएको र गोदावरी नगरपालिकाका प्रमुख बिरेन्द्र भट्टले चुनावको मुखमा अरु पार्टीको कार्यकर्तालाई आफ्नो पार्टीमा प्रवेश गराएको घटनाको अनुसन्धान प्रकृयामा रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयको सुचना अधिकारी रामप्रसाद जोशीले बताउनु भयो ।

**इन्सेक बैतडी प्रतिनिधि नरी बडु**का अनुसार मतदान अधिकृतहरुको तालिम सम्पन्न गरी मतदान सामाग्रीहरु हस्तात्रण गर्न सुरु गरिएको मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरुले बताउनु भयो । उहाँका अनुसार मतदानमा खटिने १ हजार ७ सय कर्मचारीहरुलाई तालिम दिई मतदान सामाग्रीहरु हस्तान्त्रण गरिएको छ । टाँढाको मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीहरु मतदानस्थल पठाउने कार्य पनि सम्पन्न भएको मृख्य निर्वाचन अधिकृत पनेरुले बताउनु भयो २ सय ११ मतदानकेन्द्र र १ सय २९ मतदानकेन्द्र रहेको यस जिल्लामा २ हजार ५ सय जना सुरक्षाकर्मीहरु मतदानमा खटाइएको प्रमुख जिल्ला अधिकारी सुरेश पन्तीले बताउनु भयो ।

**इन्सेक दार्चला प्रतिनिधि नरेन्द्रसिंह कार्की**का अनुसार निर्वाचनलाई स्वच्छ र स्वतन्त्र बनाउनका लागि मतदाता स्वयंले मतदान गर्न पाउनु पर्ने माग राख्दै प्रदेशसभा निर्वाचन क्षेत्र नम्बर १ (१) का स्वतन्त्र उम्मेदवार शंकरसिह धामीले मुख्य निर्वाचन अधिकृतको कार्यालयमा कात्तिक २९ गते निवेदन दिनु भएको छ । निर्वाचनको क्रममा मतदाता स्वयंले मतदान गर्न नपाउनुले मताधिकारबाट वञ्चित गराइने कार्यभएकोले यस कार्यबाट निश्पक्ष र स्वच्छ निर्वाचनमा प्रश्न खडा हुने धामीले बताउनु भयो । दुवै आँखा नदेख्ने र दुवैहात नभएका अशक्त बाहेक अन्य व्यक्तिले वारिसमार्फत मतदान गर्ने व्यवस्था हटाउन माग गरिएको छ । एक घरपरिवारको सदस्य बाहेक अन्य कुनै पनि व्यक्तिलाई वारिसको भूमिका नदिन समेत प्रदेशसभा सदस्य पदका उम्मेदवार धामीले माग गर्नुभएको छ ।

जिल्ला कारागारको सुरक्षामा नेपाली सेना खटिएको छ । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाल प्रहरी खटिनु पर्ने भएपछि जिल्ला कारागार, दार्चुलाको सुरक्षाको जिम्मेवारी नेपाली सेनालाई दिइएको छ । जनशक्ती अभावका कारण नेपाली सेनाले जिल्ला कारागारमा ड्युटी सुरु गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेश शाहीले बताउनु भयो ।

**इन्सेक बाजुरा प्रतिनिधि पदमबहादुर सिंह**का अनुसार आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्ला निर्वाचन कार्यालयले आयोजना गरेको तालिमपश्चात निर्वाचन अधिकृत र सहाय मतदान अधिकृत्त निर्वाचन समाग्री बुझेर कार्या क्षेत्र जाने क्रम सुरु भएको छ। कात्तिक २९ गते जिल्लाको सबै भन्दा टाँढा तथा दुर्गम गाउँपालिका हिमाली गाउँपालिकाको वडा नम्वर १, २ र ३ स्वामीकार्तिक खापर गाउँपालिकाका वडा नम्बर १ र २ का मतदान अधिकृतहरुलाई निर्वाचन सामग्री, मतपत्र हस्तान्त्रण गरी खटाइएको का मतदान स्थलहरुको निर्वाचन सामाग्री बुझाइएको मुख्य निर्वाचन अधिकृतको कार्यालयका सूचना अधिकारी योगन्द्र रावलले बताउनु भयो । मङ्सिर १ गते जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी र निर्वाचन सामाग्री पुगिसक्ने गरी काम थालनी भएको सूचना अधिकारी रावलले बताउनु भयो । जिल्लाका ७० ओटा मतदान स्थलमा निर्वाचन सामाग्री सहित ९ सय ९३ जना कर्मचारी परिचालन गरिएको जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी नवराज अवस्थीले बताउनु भयो । जिल्लामा ७० मतदान स्थल र १ सय १२ मतदान केन्द्र रहेका छन् ।

मतदानस्थलको सुरक्षा तथा मतदातालाई सुरक्षित, भयरहित वातावरणमा मतदान गर्ने वातावरण बनाउन पर्याप्त सुरक्षा व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी प्रकाशचन्द अधिकारीले बताउनु भयो। निर्वाचन सामग्री बुझेपछि सुरक्षा निकायको निगरानीमा कर्मचारीलाई सम्बन्धित मतदान केन्द्रसम्म लैजाने व्यवस्था मिलाइएको प्रमुख जिल्ला अधिकारी अधिकारीले बताउनु भयो ।

**इन्सेक कञ्चनपुर प्रतिनिधि लिली कुँवर**का अनुसार आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको सुरक्षालाई लक्षित गरी सुरक्षा सतर्कता बढाइएको छ। मङ्सिर ४ गते हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि भारतसँग सीमा जोडिएका सीमा नाका मङ्सिर १ गते राति १२ बजेदेखि मङ्सिर ४ गते राति १२ बजेसम्म बन्द गरिने र आजदेखि नै सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले बताउनु भयो । यस अघि पनि सीमावर्ती भारतीय सुरक्षा अधिकारीहरूसँगको समन्वय बैठकमा समेत सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण गर्ने, निर्वाचनको दिनसम्म ७२ घण्टा सीमा क्षेत्र सिल गर्ने, सीमा क्षेत्रबाट हुनसक्ने गैरकानूनी कार्य, अवैध हातहतियार ओसार पसार, लागु औषध ओसारपसार, मानव बेचबिखन जस्ता कार्य रोक्नको लागि कडाइका साथ दुवैतर्फ सुरक्षा निकाय सक्रिय रहने लगायतका विषयमा छलफल गरिएको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनु भयो ।

मङ्सिर ४ गते सम्पन्न हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कञ्चनपुर जिल्लाको क्षेत्र नम्बर ३ का लोकतान्त्रिक बाम गठबन्धनका साँझा उम्मेदवारहरु टेकेन्द्रप्रसाद भट्ट, रमेश लेखक, बेलर रानाले निर्वाचन आचारसंहिता विपरीत माइक तथा लाउडस्पिकर, रिक्सा, टेम्पो प्रयोग गरेर निर्वाचन प्रचारप्रसार गरिरहनु भएको अनुगमनका क्रममा पाइएको छ । भिमदत्त नगरपालिका वडा नम्बर ३ बैजनाथ स्कुलको अगाडी सार्वजनिक स्थल, बाटोमा चुनाव चिन्ह अंकित तोरणहरु लगाइएको पाइएको छ ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्ट**का अनुसार निर्वाचन आयोगले स्थानीय तहका निर्वाचित जनप्रतिनिधिलाई निर्वाचनको प्रचारप्रसार तथा मत माग्न नपाइने भनेर आचारसंहिता जारी गरेपनि अमरगढी नगरपालिकाका जनप्रतिनिधिहरूले उम्मेदवारका पक्षमा मत मागिरहेका छन् । नेपाली कांग्रेसबाट अमरगढी नगरपालिकामा निर्वाचित नगरप्रमुख डिल्लीराज जोशी, उपप्रमुख पार्वतीदेवी भुकाल र अमरगढी नगरपालिका-५ का वडाध्यक्ष टंक क्षेत्रीले आफ्ना दलीय उम्मेदवारका लागि मत मागिरहेको अनुगमनका क्रममा पाइएको हो ।

कात्तिक २९ गते उहाँहरू प्रदेशसभा 'ख' निर्वाचन क्षेत्रमा कांग्रेसका उम्मेदवार गोविन्दराज बोहरासँगै अमरगढी-५ मा मतदातासँग मत माग्न पुग्नु भएको थियो । यसैगरी अमरगढी नगरपालिकाका प्रमुख जोशीले आफू नेपाली कांग्रेसको उपसभापति भएको कारण मत माग्ने गरेको तर अमासभामा गएर मत नमागेको बताउनु भयो । मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेले जनप्रतिनिधिहरूले आफ्नो क्षेत्रमा मत माग्न नपाइने निर्वाचन आयोगको आचारसंहिता प्रष्ट भएको बताउनु भयो । आचारसंहिताको जनप्रतिनिधिहरुले पालन गर्न आवश्यक भएको र उजुरी आएको खण्डमा छानबिन गरिने मुख्य निर्वाचन अधिकृत वाग्लेले बताउनु भयो ।

**निर्वाचन आचारसंहितासँग सम्बन्धित समाचार अपडेटका लागि यहाँ क्लिक गर्नुहोला**

२०७९ कात्तिक २९ गते


मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं

फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१

इमेल: insec@insec.org.np, inseconline@insec.org.np

वेबसाइट: www.insec.org.np, www.inseconline.org